## अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मिति २०८१/१२/०७ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दाहरुको विवरणः-

| सि.नं. | प्रतिवादीहरु | मुद्दा | आयोगको मागदावी | विशेष अदालतको फैसला र आधार | आयोगवाट सम्मानित सर्वोच्च अदालतमा हरि नाथको हकमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| १ | विष्णुकान्त मिश्र समेत (वि.अ. को मु.नं. ०७८-CR-००५०), वि.अ. को फैसला मिति २०८०।११।२७ | घुस रिसवत लिई भ्रष्टाचार गरेको। | **(क) जिल्ला वन कार्यालय रसुवाका तत्कालिन जिल्ला वन अधिकृत बिष्णुकान्त मिश्रले** रक्तचन्दन ठेक्का मिलाई दिन्छु भनि चीनियाँ नागरिक Chihe Lu समेतबाट रु.७०,००,०००।- (सत्तरी लाख) रकम घुस/रिसवत लिएको देखिएको हुँदा निजको हकमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसुरमा बिगो रु.७०,००,०००।- (सत्तरी लाख) कायम गरी सोही ऐनको दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (ज) बमोजिम सजाय गरी पाउन मागदावी लिईएको अवस्था देखिन्छ साथै प्रतिवादी बिष्णुकान्त मिश्रले घुस/रिसवत लिएको रकम रु.७०,००,०००।- (सत्तरी लाख) मध्ये निवेदक Chihe Lu ले प्रतिवादी बिष्णुकान्त मिश्रलाई दिएको रकम रु.४५,००,०००।- (पैंतालिस लाख) निज निवेदक Chihe Lu | फैसलाः प्रस्तुत मुद्दामा विशेष अदालत काठमाण्डौवाट फैसला हुँदा प्रतिवादीहरु विष्णुकान्त मिश्र समेतले आरोपदावीवाट सफाई पाउने ठहर गरी मिति २०८०।११।२७ मा फैसला भएको अवस्था छ ।<br><br>**विशेष अदालत काठमाण्डौबाट प्रतिवादीहरुलाई आरोप दावीवाट नै सफाई हुने ठहर गरी फैसला भएको र फैसला गर्दा निम्न आधारहरु लिएको देखिन्छ :-**<br>क) आफ्नो जानकारी र सहमती बिना अरु कसैले कुनै रकम जम्मा गरी दिएको कार्यले फौजदारी दायित्व सृजना नहुने हुँदा त्यस्तो कार्यको लागि प्रतिवादी बिरुद्ध कुनै कसुर कायम भएको मान्न नमिल्ने ।<br>ख) प्रतिवादीले उजुरकर्तासंग रिसवत रकम माग गरेको भन्ने अवस्था नदेखिंएको | क) जिल्ला वन कार्यालय रसुवाबाट रक्तचन्दन लिलाम बिक्रीको लागी मिति २०६६/१०/२० मा २१ दिने सुचना प्रकाशित गरि सो सुचनाको आधारमा रसुवा ट्रेडिङ्ग कम्पनि प्रा.लि. र ग्याल्जेन एण्ड तामाङ्ग विजिनेश प्रा.लि.लाई ठेक्का परेको र उक्त ठेक्का मिति २०६६/११/२३ मा सदर भई मिति २०६६/११/२६ मा जिल्ला वन कार्यालय रसुवाले छोडपुर्जीसमेत दिएकोमा सो ठेक्का प्रक्रिया कानुन बिपरित भएको हुँदा मिति २०६६/०२/१२ गतेको वन बिभागको पत्र आदेश अनुसार रद्द भई मिति २०६७/०३/०८ मा धरौटी बापतको रकम रसुवा ट्रेडिङ्ग कम्पनि प्रा.लि.को रु.३०,००,०००।- (तीस लाख) र ग्याल्जेन एण्ड तामाङ्ग विजिनेश प्रा.लि.को रु.३०,२५,०००।- (तिस लाख पच्चिस हजार) गरी जम्मा रू.६०,२५,०००।- (साठी लाख पच्चिस हजार) धरौट रकम फिर्ता गरेको देखिन्छ ।उजुरीको व्यहोरामा उल्लेखित रकमहरुका सम्बन्धमा हेर्दा बिष्णुकान्त मिश्रको छोरा नविन कुमार मिश्रको नाममा रहेको नेपाल ईन्भेष्टमेन्ट बैंकको खाता नं.- ०१४०५०५०२५५८२० मा मिति २०६६/०६/०७ (सन् २००९/०९/२३) मा रू.३०,००,०००।- (तीस लाख) रमेश शेर्पाको नामबाट र मिति २०६६/०६/२९ (सन् २००९/१०/१५) मा रू.१०,००,०००।- (दश लाख मात्र) विष्णुकान्त मिश्र ले सेल्फ लेखी रु.४०,००,०००।- (चालिस लाख) रकम जम्मा भएको नविनकुमार मिश्रको नामको खाताको स्टेट्मेन्टबाट देखिनुका साथै नविनकुमार मिश्रले बयानमा आफ्नो नेपाल ईन्भेष्टमेन्ट बैंकको खातामा जम्मा रु.४०,००,०००।- (चालिस लाख) रकम जम्मा भएको, जसमध्ये रु.१०,००,०००।- (दश लाख) जम्मा गरेको भौचरमा लेखेको अक्षर हेर्दा आफ्नो बुवाको जस्तो लागेको, के-कुन उद्देश्यले उक्त रकम कस्ले डिपोजिट गरेको थाहा नभएको, पछी बुवाले भनेपछी थाहा भएको, , बुवाले भनेपछी उक्त रकमहरु मिति २०६६/०६/०८ (सन् २००९/०९/२४) मा रू.१८,००,०००।- (अठार लाख) र |

## अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मिति २०८१/१२/०७ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दाहरुको विवरणः-

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | लाई नै फिर्ता दिलाई दिन र प्रतिवादी लाक्पा ग्याल्जेनबाट घुस/रिसवत लिईएको भनि खुल्न आएको रु.२५,००,०००।-(पच्चिस लाख) भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(१) बमोजिम जफत गरी पाउन मागदावी लिईएको अवस्था देखिन्छ ।<br>**(ख) प्रतिवादी बिष्णुकान्त मिश्रको छोरा नविन कुमार मिश्रले** निजको वुवाको घुस / रिसवत बापतको रकम रु.४०,००,०००।- (चालिस लाख) निजको बैंक खातामा जम्मा गरी सहयोग गरेको, निजको बैंक स्टेट्मेन्टबाट देखिन आएकोले निज प्रतिवादी नविन कुमार मिश्रको हकमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (छ) बमोजिमको कसुरमा बिगो रु.४०,००,०००।- (चालिस लाख) कायम गरी सोही ऐनको दफा २२ को प्रतिवन्धात्मक वाक्यांश बमोजिम मुख्य कसुरदारलाई | | | रू.१,५०,०००/- (एक लाख पचास हजार मात्र), मिति २०६६/०६/२० (सन् २००९/१०/०६) मा रू.३,७०,०००।- (तीन लाख सत्तरी हजार), मिति २०६६/०७/०४ (सन् २००९/१०/२१) मा रू.१६,४०,०००।- (सोह्र लाख चालिस हजार) गरि जम्मा रु.३९,६०,०००।- (उन्चालिस लाख साट्ठी हजार) निकालेर बुवालाई नै दिएको हो र बाँकी रकम ए.टि.एम. मार्फत निकालेर खर्च गरेको भनि खुलाएको तथ्य निजको बैंक स्टेट्मेन्टहरुबाट समेत देखिरहेको ले निज नविन कुमार मिश्रको खातामा जम्मा भएको रकम घुस रीसवतको हो भने तथ्य प्रमाणित भईरहेको अवस्थामा सो तथ्यको विश्लेषण नगरी प्रतिवादीहरुलाई आरोपदावीवाट नै सफाई दिने गरी भएको फैसला त्रुटिपूर्ण देखिएकोले वदरभागी रहेको।<br>ख) ख) प्रस्तुत मुद्दामा जिल्ला वन कार्यालय रसुवाका तत्कालिन जिल्ला वन अधिकृत बिष्णुकान्त मिश्रले चीनियाँ नागरिक Chihe Lu लाई रक्तचन्दनको ठेक्का मिलाईदिने प्रयोजनको लागि रू.60,00,000।- Chihe Lu (साठ्ठी लाख मात्र) रकम निजकै छोरा नबिन कुमार मिश्रको नाममा रहेको नेपाल ईन्भेष्टमेन्ट बैंकको खाता नं.-01405050255820 मा जम्मा गर्न लगाई सम्पर्क बिहिन भएको भन्ने उजुरी परेको र बिष्णुकान्त मिश्रले लिएको रकम रु.७०,००,०००।- (सत्तरी लाख) मध्ये रु.४५,००,०००।- (पैंतालिस लाख) चीनियाँ नागरिक Chihe Lu को र रु.२५,००,०००।- (पच्चिस लाख) लाक्पा ग्याल्जेनको रहेको तथ्य निजको कागज र पेश गरेको लिखतको प्रतिलिपि समेतबाट पुष्टी हुन आएको देखिन्छ ।जसमध्ये रु.४०,००,०००।- (चालिस लाख) रकम प्रतिवादी बिष्णुकान्त मिश्रले छोराको खातामा हाल्न लगाई आफुले लिएको तथ्य निजको छोराको बयान र बैंक स्टेट्मेन्टहरुबाट देखिन्छ भने बाँकी रु.३०,००,०००।- (तीस लाख) रकम निजलाई नगदै दिएको भन्ने लाक्पा ग्याल्जेनको कागजबाट देखिन्छ ।निवेदकले निवेदन र आफ्नो बयानमा रु.६०,००,०००।- (साठी लाख मात्र) आफ्नो भनि दावी लिएता पनि निजले रकम दिएको व्यक्ति लाक्पा ग्याल्जेनको कागज र निजले पेश गरेको रु.४५,००,०००।- |

## अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मिति २०८१/१२/०७ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दाहरुको विवरणः-

| | | | | | |
|---|---|---|---|---|---|
| | | | हुने सजाय सरह नै सजाय हुन मागदावी लिईएको अवस्था देखिन्छ।<br>**ग) ग्याल्जेन एण्ड तामाङ र रसुवा ट्रेडिङ प्रालिका प्रोपाईटर प्रतिवादी लाक्पा ग्याल्जेनको हकमा हेर्दा** निज प्रतिवादीको मृत्यु भईसकेको भन्ने अनुसन्धानबाट खुलेको हुँदा अपराधी सँगै अपराध मर्दछ भन्ने फौजदारी न्यायको सर्बमान्य सिद्दान्त, मुलुकी फौजदारी कार्यविधि संहिता २०७४ को दफा १३३ र दफा १५८ समेतको कानुनी व्यवस्था बमोजिम निजलाई कैद र जरिवाना हुन नसक्ने तर भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ४६ तथा फौजदारी कार्यविधि संहिता २०७४ को दफा १३३ र दफा १५८ बमोजिम मरेको व्यक्तिको हकमा समेत सरकारी वा निजि बिगो क्षतिपुर्ति वा रकम भराउन सकिने कानुनी व्यवस्था रहेकोले निज प्रतिवादीले आफ्नो रकम र निवेदक Chihe Lu बाट लिई प्रतिवादी बिष्णुकान्त मिश्रलाई दिएको | | (पैंतालिस लाख) को लिखतको प्रतिलिपिबाट निवेदक चिनियाँ नागरिक Chihe Lu को रु.४५,००,०००।- (पैंतालिस लाख मात्र) र लाक्पा ग्याल्जेनको रु.२५,००,०००।- (पच्चिस लाख) रहेको तथ्य लाक्पा ग्याल्जेनको कागज र पेश गरेको लिखत समेतबाट पुष्टी भएको साथै प्रतिवादी बिष्णुकान्त मिश्रले रक्त चन्दनको ठेक्का मिलाई दिन्छु भनि रु.७०,००,०००।- (सत्तरी लाख) रकम लिएको भन्ने मिसिल संलग्न तथ्य प्रमाणहरु समेतबाट पुष्टि भईरहेको देखिन्छ ।प्रतिवादी विष्णूकान्त मिश्रले आफ्नो जिम्मेवारी अनुसारको कर्तव्य पालना गर्ने शिलशिलामा चीनियाँ नागरिक Chihe Lu लाई रक्त चन्दनको ठेक्का मिलाईदिने प्रयोजनको लागी घुस रिसवत लिएको र सो निजले प्रेमपूर्वक स्वीकार गरी (Demand + Acceptance) आफ्नो छोरा नविन कुमार मिश्रको खातामा आफ्नो स्वेच्छाले जम्मा गरी उक्त काम भुक्तानी समेत लिई सकेको अवस्था पुष्टी भई रहेकोमा उक्त तथ्य एवं प्रमाणको वेवास्ता गरी प्रतिवादीहरुलाई आरोपदावीवाट नै सफाई पाउने ठहर गरी भएको फैसला त्रुर्टिपुर्ण रहेकोले वदरभागी छ ,वदर गरी पाउँ ।<br>ग) (ग) प्रतिवादी बिष्णुकान्त मिश्रको छोरा नविन कुमार मिश्रले निजको वुवा विष्णुकान्त मिश्र ले घुस / रिसवत बापतको रकम रु.४०,००,०००।- (चालिस लाख) आफ्नो छोरा निज प्रतिवादी नविन कुमार मिश्रको बैंक खातामा जम्मा गरी उक्त रकम निकाली निज विष्णुकान्त मिश्रलाई दिएको तथा निजको बैंक स्टेट्मेन्टबाट देखिन आइरहेको अवस्थामा निजलाई आरोपदावी वमोजिम नै सजाय हुनुपर्नेमा सो तर्फ अन्देखा गरी सफाई दिई भएको फैसला त्रुर्टिपूर्ण भएकोले वदरभागी रहेको छ ।<br>घ) (घ) ग्याल्जेन एण्ड तामाङ र रसुवा ट्रेडिङ प्रालिका प्रोपाईटर प्रतिवादी लाक्पा ग्याल्जेनको जगन्नाथदेवल कारागार काठमाडौंमा मिति २०७७/०६/०५ गते मृत्यु भईसकेको भन्ने व्यहोरा खुलेको हुँदा अपराधी सँगै अपराध मर्दछ भन्ने फौजदारी न्यायको सर्बमान्य सिद्दान्त, मुलुकी फौजदारी कार्यविधि संहिता २०७४ को दफा १३३ र दफा १५८ समेतको कानुनी व्यवस्था बमोजिम निजलाई कैद र जरिवाना |

## अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मिति २०८१/१२/०७ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दाहरुको विवरणः-

| | | | | | |
|---|---|---|---|---|---|
| | | | रिसवत जम्मा रु.७०,००,०००।- (सत्तरी लाख) भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिम जफत गर्ने प्रयोजनका लागी मात्र निजलाई प्रतिवादी कायम गरिएको अवस्था देखिन्छ | | हुन नसक्ने तर भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ४६ तथा फौजदारी कार्यविधि संहिता २०७४ को दफा १३३ र दफा १५८ बमोजिम मरेको व्यक्तिको हकमा समेत सरकारी वा निजि बिगो क्षतिपुर्ति वा रकम भराउन सकिने कानुनी व्यवस्था रहेकोले निज प्रतिवादीले आफ्नो रकम र निवेदक Chihe Lu बाट लिई प्रतिवादी बिष्णुकान्त मिश्रलाई दिएको रिसवत जम्मा रु.७०,००,०००।- (सत्तरी लाख) भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिम जफत गर्ने प्रयोजनका अनुसार नै कसुर कायम गर्नुपर्नेमा सो तर्फ अन्देखा गरी भएको फैसला त्रुटिपूर्ण भएकोले वदरभागी रहेको छ ।<br>ङ) (ङ) प्रमाण ऐन, २०३१ को दफा ३ मा अदालतले मुद्दामा ठहर गर्नुपर्ने कुरा र त्यस्तो कुरासँग सम्बद्ध कुराको मात्र प्रमाण बुझ्न हुन्छ भन्ने व्यवस्था रहेको छ । यस व्यवस्थाअनुसार ठहर गर्नुपर्ने कुरा र त्यस्तो कुरासँग सम्बद्ध कुराको प्रमाण बुझ्न सकिने देखिन्छ । सम्बद्ध कुरा भन्नाले मुद्दामा ठहर गर्नुपर्ने कुरालाई प्रमाणित वा खण्डन गर्न सहायता हुने कुरालाई सम्झनु पर्दछ । प्रस्तुत मुद्दामा प्रमाणको रूपमा पेस गरिएको वैंक स्टेटमेन्ट र लिखत कागज समेतवाट रिसवत् लिने दिने कार्य भएको तथ्य खुल्न आएको छ सो वाट समेत आरोपित कसुर गरेको तथ्य समर्थित भईरहेकोले नविन कुमार मिश्रको खातामा जम्मा भएको रकम निजको आम्दानी नभई निजको वावु विष्णुकान्त मिश्रले घुसवापत प्राप्त गरेको रकम हो भन्ने तथ्य पुष्टी भएकोले मुद्दामा तथ्यसँग Relevant भएको Banking Documents मा Admissibility रहेको तथ्य स्थापित भईरहेको अवस्थामा उक्त प्रमाणको अन्देखा गरी भएको फैसला त्रुटिपूर्ण रहि वदरभागी छ ।<br>**अतः जिल्ला वन कार्यालय रसुवाका तत्कालिन जिल्ला वन अधिकृत बिष्णुकान्त मिश्रले रक्तचन्दन ठेक्का मिलाई दिन्छु भनि चीनियाँ नागरिक Chihe Lu समेतबाट रु.७०,००,०००।- (सत्तरी लाख) रकम घुस/रिसवत लिएको र सो रकम लुकाउन प्रतिवादी बिष्णुकान्त मिश्रको छोरा नविन कुमार मिश्रको समेत भुमिका रहेको देखिदा निज प्रतिवादीहरुलाई बिगो अनुसार कैद र जरीबाना गरी साथै प्रतिवादी लाक्पा ग्याल्जेनको मृत्यु भैसकेको भए तापनि** |

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मिति २०८१/१२/०७ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दाहरुको विवरणः-

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | मरेको व्यक्तिको हकमा समेत सरकारी वा निजि बिगो क्षतिपुर्ति वा रकम भराउन सकिने कानुनी व्यवस्था रहेकोले निजी प्रतिवादीले आफ्नो रकम र निवेदक Chihe Lu बाट लिई प्रतिवादी बिष्णुकान्त मिश्रलाई दिएको रिसवत जम्मा रु.७०,००,०००।- (सत्तरी लाख) भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिम जफत गरी पाउँ। |